मिति २०७३/०५/०६ मा बसेको सचिव बैठकका निर्णयहरु

| क्र.सं. | निर्णयहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | अनुगमन गर्ने निकाय | समय सीमा |
|---|---|---|---|---|---|
| १. | सम्माननीय प्रधानमन्त्रीज्यूको निर्देशन कार्यान्वयानार्थ तयार पारिएको आ.व. ०७३/७४ को प्राथमिकता र सो को कार्ययोजनामा चालु आ.व.को नीति, कार्यक्रम र विनियोजित बजेटलाई मध्यनजर गरी परिमार्जन गर्न सबै मन्त्रालय/निकायका योजना महाशाखा प्रमुखले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको शासकीय सुधार महाशाखासंग समन्वय गरि परिमार्जित कार्यक्रम तयार गराउने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित मन्त्रालय/निकाय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | भाद्र १० गते भित्र |
| २. | वर्तमान मन्त्रिपरिषद्को प्रथम बैठकबाट भएको निर्णय कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालय/निकायहरुले तदारुक्ताका साथ कार्य अगाडि बढाउने। सोको कार्यप्रगति विवरण निरन्तर रुपमा पठाउने। | सम्बन्धित मन्त्रालय/निकाय | सबै मन्त्रालय/ आयोग/ सचिवालय/ कार्यालय/केन्द्र | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (मन्त्रिपरिषद् बैठक तथा संवैधानिक निकाय महाशाखा) | तत्काल सुरु गरी दैनिक रुपमा निरन्तर |
| ३. | प्रशासन पुनःसंरचनाको खाका तर्जुमा गर्न गठित समूहगत कार्यदलको कार्यलाई सबै मन्त्रालय/निकायहरुले समन्वय एवं सहजिकरण गर्ने एवं सो कार्यमा नियुक्त हुने विज्ञहरुलाई आवश्यक सहयोग उपलब्ध गराउने। प्रशासन पुनःसंरचनाको कार्यको सहजिकरणका लागि यस पूर्व प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट लेखिए अनुसार प्रत्येक मन्त्रालय/निकायबाट एक जना सहसचिव/उपसचिवस्तरको Focal Point तोक्ने। | सबै मन्त्रालय/ आयोग/ सचिवालय/ कार्यालय/केन्द्र | सम्बन्धित मन्त्रालय/निकाय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (प्रशासन पुनःसंरचना शाखा) | तत्काल |
| ४. | संविधानको धारा ५३ बमोजिमको वार्षिक प्रतिवेदन तयारीका लागि तोकिएको ढाँचामा विवरण पठाउन बाँकी निकायले ३ दिन भित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध गराउने। साथै हाल सम्म विवरण प्राप्त भएका मध्ये केही मन्त्रालय/निकायहरुबाट तोकिएको ढाँचामा विवरण प्राप्त | सम्बन्धित मन्त्रालय/निकाय | - | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (शासकीय सुधार महाशाखा) | तत्काल |

मुख्य सचिव

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

| | | | | | |
|---|---|---|---|---|---|
| | नभएकोले पुनः तोकिएको ढाँचा अनुसारको पूर्ण विवरण तयार गरि पठाउने। | | | | |
| ५. | आ.व. ०७२।०७३ को सुशासन तथा शासकीय सुधार सम्बन्धी प्रतिवेदन तयारीका लागि विवरण पठाउन बाँकी निकायहरुले शिघ्र तोकिएको ढाँचामा विवरण उपलब्ध गराउने। | सम्बन्धित मन्त्रालय/निकाय | सम्बन्धित मन्त्रालय/निकाय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (शासकीय सुधार महाशाखा) | तत्काल |
| ६. | वार्षिक कार्य प्रगति समीक्षा गर्दा भौतिक र वित्तीय प्रगतिको साथै सेवा प्रवाहको प्रभावकारिता र कार्यक्रमबाट प्राप्त उपलब्धिको समेत लेखाजोखा हुने गरी वार्षिक समीक्षालाई प्रभावकारी तुल्याउने। यसका लागि राष्ट्रिय योजना आयोगले आवश्यक ढाँचा तयार गरी सबै मन्त्रालय/निकायलाई पठाउने। | राष्ट्रिय योजना आयोगको सचिवालय | सबै मन्त्रालय/ आयोग/ सचिवालय/ कार्यालय/केन्द्र | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर |
| ७. | वैदेशिक रोजगारबाट फर्कने कामदारहरुलाई स्वदेशमै व्यवस्थापन गर्नका लागि आयमूलक/रोजगार मुलक कृयाकलापमा संलग्न गराउन उपयुक्त सीप विकास सम्बन्धी तालीम कार्यक्रमको कार्ययोजना बनाई लागू गर्ने। | श्रम तथा रोजगार मन्त्रालय | वैदेशिक रोजगार विभाग/ श्रम विभाग/वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (योजना तथा अनुगमन शाखा) | तत्काल सुरु गरी निरन्तर |
| ८. | नीतिगत विषयका प्रस्तावहरु तयार गर्दा सम्बन्धित मन्त्रालय/निकायहरुले पुष्टयाई सहितको स्पष्ट राय सहित प्रस्ताव पेश गर्ने। | सबै मन्त्रालय/ आयोग/ सचिवालय/ कार्यालय/केन्द्र | सम्बन्धित मन्त्रालय/निकाय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (मन्त्रिपरिषद् बैठक तथा संवैधानिक निकाय महाशाखा) | निरन्तर |
| ९. | मन्त्रिपरिषद्मा पेश हुने आर्थिक विषयक लगायतका प्रस्तावका सम्बन्धमा अर्थ मन्त्रालयको राय माग गर्ने उपयुक्त ढाँचा तयार गरी सोही आधारमा कार्यान्वयन गर्ने व्यवस्था मिलाउने। | अर्थ मन्त्रालय | सबै मन्त्रालय/ आयोग/ सचिवालय/ कार्यालय/केन्द्र | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (मन्त्रिपरिषद् बैठक तथा संवैधानिक निकाय महाशाखा) | भाद्र मसान्त |